# सिंजा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# नराकोट, जुम्ला
# कर्णाली प्रदेश नेपाल

विनियोजन ऐन, २०७५

**सिंजा गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्नै सम्बन्धमा व्यवस्थ ागर्न बनेको ऐन २०७५**

**पस्तावना:** सिंजा गाउँपीलिका को आर्थिक २०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकोले ,

नेपालको संविधानको धारा २२९ को उप धार (२) बमोजिम सिंजा गाउँ सभाले यो ऐन बनाएको छ ।

१ **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम “सिंजा गाउँपालिकाको विनियोजन ऐन ,२०७५ ” रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७५/०७६ को लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०७५/०७६ को लागि गाउँ कार्यपालिका , वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची १ मा उल्लिखित चालू खर्च, पुँचिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ..... (अक्षेरुपी ............. रुपैयाँमात्र ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३ **विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/०७६ को निमित्त सिंजा गाउँपालिकाको गाउँ कार्यपालिका , वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएकता पर्ना कार्यापालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भूक्तानी खर्च तर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकमा जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची १
दफा २ संग सम्बन्धित
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
सञ्चित कोषबाट विनियोजन हुने रकम

रु हजारमा

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पुँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | गाउँपालिका | | ४५९००००० | ९०५७१००० | ८९७०००० | २२६१७१००० |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |